महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

बैठक नं. ०४/२०८१/०८२

आज मिति २०८१ कार्तिक ११ गते आइतवारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | ५ नं. वडा अध्यक्ष | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया बि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | सिता बि.क. |
| १० | श्री चस्मिता बि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | चस्मीता |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | नि. प्र.प्र.अ. | ९८५२८२००३६ | |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ,सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प्रस्ताव तथा निर्णयहरु

| सि. नं. | स्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | कृषि घुम्ती सेवा संचालन सम्बन्धमा | यस महाकुलुङ गाउँपालिका अन्तर्गत कार्यरत कृषिसेवा र पशुसेवा शाखाका कर्मचारीले प्रत्येक महिनाको २ दिन (सम्बन्धित वडासँग समन्वय गरेर) आफ्नो कार्यक्षेत्र रहेको वडामा स्थलगत सेवा तथा परामर्श प्रदान गर्ने र महिना भुक्तान भएको ७ दिनभित्र सम्बन्धित शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश हुने गरी प्रतिवेदन गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशन दिने निर्णय पारित गरियो । |
| २ | कार्यविधि पारित गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाभित्र वितरण हुने विद्युत प्रणालीको सामुदायिक विद्युतीकरण योजना अन्तर्गत व्यवस्थापन गर्न प्रस्ताव भएको "सामुदायिक ग्रामीण विद्युतीकरण वितरक संस्था संचालन कार्यविधि २०८१" आवश्यक छलफल तथा संशोधनसहित पारित गर्ने निर्णय गरियो । |
| ३ | कर्मचारी व्यवस्थापन | महाकुलुङ गाउँपालिकामा रमाना लिई आएका तथा कार्यरत कर्मचारीहरुलाई देहाय वमोजिम कार्य जिम्मेवारी निर्धारण तथा हेरफेर गर्ने निर्णय पारित गरियो ।<br>१. भक्ति विलास पोखरेल (सहायक पाँचौ, प्रशासन) — ४ नं. वडा सचिव<br>२. जितेन्द्र राई (अहेब, पाँचौ) — ५ नं. वडा सचिव<br>३. प्रदिप प्रधान (सहायक पाँचौ, प्रशासन) — २ नं. वडा सचिव<br>४. विपना भट्टराई (सहायक पाँचौ, कृषि) — वडा नं. ५<br>गाउँपालिकामा रहेका प्राविधिक(सिभिल समूहलाई) देहाय वमोजिम जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो,<br>वडा नं. १ — गीता कुमारी यादव (पालिका समेत)<br>वडा नं. २ — नविन आचार्य (पालिका समेत)<br>वडा नं. ३ — चन्द्र देव यादव (रोजगार सेवा केन्द्र सहित)<br>वडा नं. ४ — योगेन्द्र कुलुङ<br>वडा नं. ५ — संजिल कुमार सिं |
| ४ | गाउँपालिका प्रशासनिक भवन निर्माण सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाले गाउँपालिकाको प्रशासनिक भवनको विस्तृत योजना प्रतिवेदन स्वीकृत गरिएकोमा गाउँपालिकाको प्रशासनिक भवनको लागत अनुमान मूल्य समायोजन बाहेक रु. ११,३०,२४,१०३।५६ रहेकोले नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभाग (डोली) समक्ष स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ वमोजिम रु. ९ करोड सम्मको आयोजनाको लागि ६० प्रतिशत लागत बजेट माग गर्ने । साथै स्थानीय पूर्वाधार विभाग (डोली) बाट प्राप्त हुने अनुदान बाहेकको लागत रकम महाकुलुङ गाउँपालिकाले |

| | | |
|---|---|---|
| | | स्रोत व्यवस्थापन गरी गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने निर्णय पारित गरियो । |
| ५ | वडा कार्यालयहरुको भवन मर्मत सम्भार उद्घाटन तथा कार्यसंचालन सम्बन्धमा | क) यस महाकुलुङ गाउँपालिकाको विभिन्न वडा कार्यालयहरु मध्ये वडा नं. ४ र ५ को वडा कार्यलयको भवन सम्बन्धित ठेकेदारबाट प्राविधिकको सिफारिस/स्टिमेट अनुसार मर्मत गराउनको लागि आदेश दिने र सो पश्चात वडाको प्रशासनिक कार्य सुचारु गर्ने । वडा नं. ३ को वडा कार्यालय भवन सम्बन्धित ठेकेदारबाट हस्तान्तरण भएपछि वडाको प्रशासनिक कार्य वडा कार्यालयबाट गर्ने निर्णय पारित गरियो ।<br>ख) ठेकेदार बाट गराउन सकिने (DLP) बाहेकको वडा भवनहरुको मर्मत सम्भारको लागि गाउँपालिकाको प्राविधिक कर्मचारीबाट तयार हुने लागत अनुमान अनुसार गाउँपालिकाको हिउँदे अधिवेशनबाट अनुमोदन तथा समर्थन हुने गरी वडा कार्यालयहरु मर्मत सम्भार शिर्षकमा गाउँपालिकाको संचित कोषबाट रकम विनियोजन गरी मर्मत कार्य गर्ने निर्णय पारित गरियो । |
| ६ | कार्यविधि निर्माण गर्ने सम्वन्धमा | १. गाउँपालिकाबाट अनुदान वितरण गर्ने सम्वन्धी कार्यविधि<br>२. प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धी कार्यविधि<br>३. आर्थिक सहायता वितरण सम्वन्धी कार्यविधि<br>४. पर्यटन प्रवेश शुल्क संकलन सम्वन्धी कार्यविधि<br>५. मागमा आधारित कार्यक्रम संचालन कार्यविधि |
| ७ | हुँगा खोलामा वारीपारी बाटो स्तरोन्नतिको वजेट थप सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको चालु आ.व. २०८१/८२ मा हुँगा खोलामा वारीपारी बाटो स्तरोन्नति शीर्षकमा रु. ३० लाख वजेट विनियोजन गरिएकोमा स्थलगत अनुगमण गरी तयार पारिएको लागत स्टिमेट अनुसार वजेट अपुग हुने भएकोले हिउँदे गाउँसभाबाट अनुमोदन हुने गरी रु . १३ लाख वजेट स्थानीय संचित कोषबाट वजेट थप गर्ने र सो कार्य प्रकृयागत रुपमा छिटो तरिकाले निर्माण सम्पन्न गर्नको लागि स्थानीय उपभोक्ताहरुको निर्माण समिति गठन गरी कार्य गराउने निर्णय पारित गरियो । |
| ८ | विद्युत ठेक्का सम्झौताको रकम फिर्ता गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका र नेपाल विद्युत प्राधिकरण (सामुदायिक विद्युतीकरण विभाग) विच भएको सम्झौता अनुसार महाकुलुङ गाउँपालिकामा विद्युत लाइन विस्तारको लागि कूल परियोजना रु. १५ करोडको १० प्रतिशत रकम (रु.१ करोड ५० लाख) महाकुलुङ गाउँपलिकाले लागत सहभागिता जनाएकोमा ठेक्का अनुसार १२,८६,५७,१६१।१५ मात्र कूल लागत रहेको हुँदा बाँकी रकम नेपाल विद्युत प्राधिकरणबाट २१,३३,९९२।०१ विविध खर्च खातामा प्राप्त भएकोमा गाउँपालिकाको लागत साझेदारीमा GIZ कार्यालयबाट आनुपातिक रुपमा बढी भएको रकम रु. ३,१७,१४१।९५ माग भई आएको हुनाले सो रकम GIz Nepal (GIZ office) लाई फिर्ता गर्ने र बाँकी रकमबाट गाउँपालिकाभित्र प्रयोग भएको विद्युत मिटरको रकम नेपाल विद्युत प्राधिकरणको कार्यालय, सल्लेरी, सोलुखुम्बुलाई भुक्तानी दिने निर्णय पारित गरियो । |

| | | |
|---|---|---|
| ९ | प्रहरी चौकी स्थापना सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ मा आम भेला गरी जिल्ला सदरमुकाम तथा महाकुलुङ गाउँपालिकाको केन्द्रबाट टाढा रहेको महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ को शान्ति सुरक्षालाई मजबुत बनाउन गुदेल क्षेत्रमा स्थायी प्रहरी चौकी स्थापनाको लागि माग भई आएकोले गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु तथा जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु मार्फत आवश्यक प्रकृया अगाडी बढाउन आग्रह गरी पठाउने निर्णय पारित गरियो । |
| १० | भुवाखोलाको भेरिएसन आदेश | भुवाखोला पक्की पुल निर्माणको ठेकेदार कम्पनी आर.के. एण्ड यति जेभीले भेरिएसन आदेश माग गरी महाकुलुङ गाउँपालिकामा निवेदन गरेकोमा सो सम्बन्धमा भेरिएसन आदेश आवश्यक पर्ने वा नपर्ने तथा कुन कुन कामको लागि भेरिएसन आदेश दिनुपर्ने विषयमा गाउँपालिकाको प्राविधिक कर्मचारीबाट आवश्यक अध्ययन गरी प्रकृया अगाडी बढाउने निर्णय पारित गरियो । |
| ११ | लघु ऊद्यम विकास कार्यक्रमको कार्यक्रम छनौट सम्बन्धमा | महाकुलुङ गाउँपालिकाको लघु ऊद्यम विकास कार्यक्रमको नयाँ उद्यमी सिर्जना तर्फको कार्यक्रम गाउँपालिकास्तरीय रुपमा संचालन गर्ने र सो कार्यक्रम अन्तर्गत ब्यूटीसियन तालिम संचालन गर्ने निर्णय पारित गरियो । |
| १२ | झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा | नेपाल सरकार, शहरी पूर्वाधार विभाग, झोलुङ्गे पुल शाखाको मिति २०८१।०७।०८ को पत्रानुसार नदी/नाला/खोला/खोंचहरुमा तरी तराउ गर्नको लागि झोलुङ्गे पुल मागको गर्नको लागि प्राप्त पत्र अनसार देहायको प्राथमिकताक्रमको आधारमा झोलुङ्गे पुल माग गरी पठाउने निर्णय पारित गरियो।<br>१. वुकुरदोबा झोलुङ्गे पुल वडा नं. ४<br>२. सिंगे खेत झोलुङ्गे पुल वडा नं. २<br>३. बालाम लुवम झोलुङ्गे पुल वडा नं. ३<br>४. मझाङखोला झोलुङ्गे पुल, मझाङ वडा नं. २<br>५. पोछाक खोल्सा झोपु झोलुङ्गे पुल वडा नं. २<br>६. तालखर्क झोलुङ्गे पुल वडा नं. ४<br>७. सगोल खोला झोलुङ्गे पुल वडा नं. ३<br>८. हिङलिङ फेदी झोलुङ्गे पुल वडा नं. ३<br>९. चेरेम-कोठे पाँचपोखरी खोला झोलुङ्गे पुल वडा नं. २ |
| १३ | प्रस्ताव पेशका लागि सिफारिस, लागत साझेदारी तथा प्राविधिक सहयोग सम्बन्धमा | (क) सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरबाट मिति २०८१/०६/२९ गते प्रकाशन गरिएको सूचना नं. ०४/२०८१/०८२ शिक्षण र अनुगमनमा ICT को प्रयोग व्यवस्थापनका लागि कार्यक्रमका लागि प्रस्ताव पेश गर्न विद्यालय व्यवस्थापन समितिमा निर्णय गराई कार्यक्रम कार्यान्वयन गर्ने भनी श्री गुदेल माध्यमिक विद्यालयबाट सिफारिस माग भई आएको हुदाँ उक्त कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाले न्यूनतम १५% लागत साझेदारी गरी कार्यक्रम कार्यान्वयनका |

| | | |
|---|---|---|
| | | लागि सिफारिस गरी पठाउने साथै विद्यालयलाई सो कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक सहयोग गाउँपालिकाबाट उपलब्ध गराउने ।<br>(ख) सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरबाट मिति २०८१/०६/२९ गते प्रकाशन गरिएको सूचना नं. ०७/२०८१/०८२ स्काउट विकासका लागि कार्यक्रम सञ्चालन गर्न इच्छुक माध्यमिक विद्यालयहरुले प्रस्ताव पेश गर्ने सूचना बमोजिम प्रस्ताव तयार गरी कार्यालयमा पेश भई सिफारिस माग भएका विद्यालयहरुलाई सिफारिस लेखी पठाउने । |
| १४ | बालबालिकाको प्रारम्भिक अपाङ्गताको पहिचान कार्यक्रम सञ्चालन सम्बन्धमा | सङ्घीय सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भई आएको कार्यक्रम बालबालिकाको प्रारम्भिक अपाङ्गताको पहिचान कार्यक्रम शिशु कक्षा देखि कक्षा ३ सम्म अध्ययन गर्ने बालबालिकाहरुमा विद्यालयबाट मंसिर महिनाभित्र Screening को कार्य गरि सक्ने र Suspected देखिएका बालबालिकाहरुका लागि स्वास्थ्य शाखा/स्वास्थ्य संस्था/मेडिकल डाक्टर कहाँ पुऱ्याई उक्त विद्यार्थी अपाङ्गता हो वा होइन एकीन गर्ने । कोशी प्रदेश सरकार, महाकुलुङ गाउँपालिका र करुणा फाउण्डेशन नेपालसँग त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता पुनःस्थापना तथा रोकथाम कार्यक्रम सञ्चालन भई रहेको हुदाँ उक्त कार्यक्रमसँग साझेदारी गरी यो कार्यक्रम अझ प्रभावकारी रुपले कार्यान्वियन गर्ने । |
| १५ | कार्यविधि स्वीकृत सम्बन्धमा | महाकुलुङ गाउँपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ का लागि शिक्षा युवा तथा खेलकुद शाखाको लागि विनियोजन भएको वजेट तथा कार्यक्रम कार्यान्यनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| १६ | महाकुलुङ अस्पताल संचालन सम्बन्धमा | महाकुलुङ आधारभूत अस्पताल संचालन सम्बंन्धमा देहाको निर्णय गरियो;<br>क) महाकुलुङ गाउँपालिकाको वडा नं. १ मा निर्माण सम्पन्न भएको १५ शैयाको आधारभूत अस्पतालको नयाँ भवनबाट सेवा सूचारु गर्ने र साविकको महाकुलुङ प्राथमिक अस्पताललाई महाकुलुङ आधारभुत अस्पताल नामाकरण गरी संचालन गर्ने ।<br>ख) १५ शैयाको आधारभूत अस्पतालबाट दिइने तोकिएका सेवाहरु नयाँ भवनबाट दिने र पुरानो भवनमा रहेका सामानहरु नयाँ भवनमा सार्ने ।<br>ग) CEONC कार्यक्रम संचालन गर्न आवश्यक उपकरण खरिद गर्न प्रकृया अगाडी बढाउने ।<br>घ) जनशक्ति व्यवस्थापन — एक जना गाइनेक्लोजिष्ट/MDGP, एक जना एनेस्थेसिया, २ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगीको पदपूर्ति गर्ने ।<br>ङ) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखामा महाकुलुङ गाउँपालिकाद्वारा संचालित १५ शैयाको आधारभूत अस्पतालमा सो जनशक्तिको प्रतिवद्धता सहित CEONC site स्थापना र संचालनका लागि अनुमती माग गर्ने । |

| | | |
|---|---|---|
| | | च) महाकुलुङ आधारभूत अस्पतालमा सेवा संचालन गर्नको लागि आवश्यक पर्ने ५० केभिए भन्दा माथिको विद्युत क्षमता आवश्यक हुने भएकोले नेपाल विद्युत प्राधिकरण कार्यलाय, सल्लेरीलाई विद्युत लाइन जडानको लागि अनुरोध गर्ने र उक्त कार्यमा लाग्ने लागत महाकुलुङ गाउँपालिकाले बेहोर्ने निर्णय गरियो । |
| १७ | महाकुलुङ आधारभूत अस्पताल संचालनको लागि सहयोग माग गर्ने सम्बन्धमा | आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा ५ देखि १५ शैयासम्मका आधरभूत अस्पताल स्थापना गर्न नेपाल सरकारको नीति अनुसार यस महाकुलुङ गाउँपालिकको १५ शैयाको आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भएको र मिति २०७६ साल फागुन २३ गते देखि हाल उपलब्ध स्वास्थ्य चौकी बुङको भवनबाट अस्पतालको सम्पूर्ण सेवाहरु सुचारु भई रहेको जिल्ला सदरमुकाम देखि ५६ कि.मि. अनि दुर्गम र उच्च पहाडी भूभागमा रहेकोले गुणस्तरीय ग्रामिण आधारभूत स्वास्थ्य सेवा विस्तारको लागि महाकुलुङ गाउँपालिकासँग जोडिएका सोताङ गापा, माप्य दुधकोशी गाउँपालिका र भोजपुरको साल्पा सिलिचो गाउँपालिका समेतका नागरिकहरुलाई सेवा प्रदान गर्न हालको अवस्थामा अत्यन्त आवश्यक देखिएकोले निक साइमन्स इन्स्टिच्युट (NSI) सानेपा ललितपुर, नेपालसँग १५ शैया अस्पताल सञ्चालनार्थ मानव संशाधन मेडिकल तथा सर्जिकल इक्यूपमेन्ट लगायतको सहयोगमा साझेदारीमा काम गर्न अनुरोध गर्ने निर्णय गरियो । |
| १८ | प्रतिवेदन प्रकाशन सम्वन्धमा | महाकुलुङ गाउँपालिकाको स्वास्थ्य शाखाबाट तयार पारिएको आ.व. २०८०/८१ को वार्षिक स्वास्थ्य प्रतिवेदन प्रकाशित गर्ने निर्णय गरियो । |
| १९ | भुक्तानी गर्ने सम्वन्धमा | गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त भएको निवेदन अनुसार ईको हिमाल र महाकुलुङ गाउँपालिकाको संयुक्त आयोजनामा भएको Primary trauma र Basic Life Support तालिमको रकम रु. १४८९५०।०० रकम हिउँदे गाउँसभाबाट समर्थन र अनुमोदन गर्ने गरी भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| २० | वजेट शिर्षकान्तर गरी डिपीआर गर्ने सम्वन्धमा | चालु आर्थिक वर्षको स्वीकृत वजेटमा कोङ्गो खोला, तितिलाघाट र प्रशासनिक भवनको IEE शिर्षकमा ३/३ लाख गरी जम्मा ९ लाख वजेट रहेकोमा सो रकमलाई शिर्षकान्तर गरी तितिलाघाट मोटरेवल ट्रस ब्रिज र कंखो खोला मोटरेवल ट्रस ब्रिजको DPR निर्माण गर्ने निर्णय पारित गरियो । |
| २१ | प्रस्ताव पेश गर्ने सम्वन्धमा | कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयको मिति २०८१।०६।२९ को पत्र अनुसार महाकुलुङ गाउँपालिका तथा गाउँपालिका अन्तर्गत विभिन्न संघसंस्थाबाट देहाय वमोजिम प्रस्ताव पेश गर्ने तथा सो निर्माणको आवश्यक लागत सहभागिता गाउँपालिकाले गर्ने प्रतिवद्धता जनाउने निर्णय पारित गरियो ।<br>१. महाकुलुङ व्यायामशाला<br>२. गोवेइलुङ सुम्निमा पारुहाङ पार्क महाकुलुङ ४<br>३. पुष्पलाल स्मृति प्रतिष्ठान निर्माण, महाकुलुङ २<br>४. पोतोसा समाधिस्थल निर्माण निर्माण महाकुलुङ २ |